# सन् २०१७ सम्ममा नेपाललाई 'घरभित्रको धुवाँमुक्त' गर्ने घोषणा

राष्ट्रिय समाचार समिति

काठमाडौं, माघ ७ गते। नेपाल सरकारले सन् २०१७ सम्ममा मुलुकका सबै घरमा स्वच्छ ऊर्जा प्रविधि पुर्‍याई 'घरभित्रको धुवाँमुक्त' गर्ने औपचारिक घोषणा गरेको छ।

प्रधानमन्त्री डा. बाबुराम भट्टराईले आज यहाँ आयोजित नवीकरणीय ऊर्जा सप्ताहको उद्घाटन समारोहमा सो घोषणा गर्नुभएको हो। ऊर्जा सप्ताहको नारा 'जागौं, नवीकरणीय ऊर्जातिर लागौं' रहेको छ। घोषणाअनुसार आगामी पाँच वर्षभित्र देशका सबै घरमा खाना पकाउन सुधारिएको चुलोलगायत अन्य स्वच्छ ऊर्जा पुर्‍याउनुपर्ने हुन्छ।

प्रधानमन्त्री डा. भट्टराईले सौर्य बत्ती र बायोग्यास बालेर सो सप्ताहको उद्घाटन गर्दै आफ्नो देशमा खपत मात्र होइन, सार्क क्षेत्रमा विद्युत् निर्यात गर्न पुग्ने हाम्रो अथाह जलस्रोत रहे पनि समयमै त्यसको सदुपयोग गर्न नसक्दा अहिले विद्युत्‌को संकट भोग्नु सुखद पक्ष नभएको बताउनुभयो।

विद्युत् उत्पादन भएको एक सय वर्ष पुगेको भए पनि नेपालले अहिलेसम्म सात सय मेगावाट मात्र विद्युत् उत्पादन हुनु अत्यन्त न्यून प्रगति भएको चर्चा गर्दै उहाँले अपार बजार र आवश्यकता भएको विद्युत्‌को अपेक्षाकृत उत्पादन किन गर्न सकिएन भन्ने कुरा हाम्रा लागि यक्ष प्रश्न रहेको छ भन्नुभयो।

केही काम गर्दा गल्ती होला भनेर हात बाँधेर बस्ने हाम्रो गलत प्रवृत्तिमा सुधार ल्याउन जरुरी रहेको बताउँदै प्रधानमन्त्री डा. भट्टराईले अब मुलुकले एकै खाले ऊर्जामा मात्र भर पर्न नहुनेमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, नवीकरणीय ऊर्जाको स्रोत परिचालन आवश्यक छ। वातावरणमैत्री ऊर्जा उत्पादनलाई ध्यान दिनुपर्छ, विद्युत् आयोजना अझ बढी विस्तार गर्नुपर्छ, त्यसबाट मात्रै मुलुकमा आर्थिक क्रान्ति ल्याउन सकिन्छ।

सरकार र विदेशी दातृ समुदायले नवीकरणीय ऊर्जाको प्रवर्द्धनका लागि सहयोग पुर्‍याउँदै आएकाले यसका माध्यमबाट बढीभन्दा बढी जनतालाई स्वच्छ ऊर्जामार्फत सेवा पुर्‍याउन आवश्यक रहेको बताउँदै प्रधानमन्त्रीले ऊर्जा संकट रहेको अवस्थामा यससम्बन्धी प्रयोग सूचना र सचेतना बढाउन यस्ता कार्यक्रमले महत्त्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो।

सो अवसरमा विज्ञान, प्रविधि तथा वातावरण मन्त्री डा. केशवमान शाक्यले मुलुकले ठूलो ऊर्जा संकट बेहोर्नु परिरहेको अवस्थामा ऊर्जा क्षेत्रलाई सर्वसुलभ, दिगो र प्रभावकारी बनाउन नवीकरणीय ऊर्जा महत्त्वपूर्ण साबित हुने बताउनुभयो।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष दीपेन्द्रबहादुर क्षेत्रीले मुलुकका ५० प्रतिशत जनतामा विद्युत्‌को पहुँच पुगेको भए पनि लोडसेडिङका कारण उनीहरूले समस्या झेल्नु परिरहेको बताउँदै पाँच वर्षभित्र सबै जनतामा धुवाँरहित ऊर्जा पुर्‍याउने महत्त्वकांक्षी योजनालाई सफल तुल्याउन सबैको सहयोग अपेक्षाकृत रहने विश्वास व्यक्त गर्नुभयो।

मुख्य सचिव लीलामणि पौडेलले मुलुकका बहुसंख्यक जनता अझै पनि परम्परागत ऊर्जा (दाउरा)मा निर्भर रहेको वास्तविक स्थितिमा उनीहरूका लागि नवीकरणीय ऊर्जा विकल्पका रूपमा रहने विश्वास व्यक्त गर्नुभयो।

सो अवसरमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक प्रा.डा. गोविन्दराज पोखरेलले मुलुकमा स्वच्छ ऊर्जा प्रवर्द्धनका लागि एकीकृत नवीकरणीय ऊर्जा नीतिको खाँचो औंल्याउँदै नेपाल सरकार र विभिन्न दातृ राष्ट्रहरूको सहयोगमा सञ्चालित राष्ट्रिय ग्रामीण नवीकरणीय ऊर्जा कार्यक्रमले ग्रामीण जनताको ऊर्जामा पहुँच बढाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो। सप्ताहका अवसरमा भृकुटीमण्डपमा आयोजित नवीकरणीय ऊर्जासम्बन्धी प्रदर्शनीको प्रधानमन्त्री डा. भट्टराईले उद्घाटनसमेत गर्नुभएको थियो। सप्ताहकै अवसरमा विद्युतीय सवारी साधनको र्‍यालीसमेत आयोजना गरिनेछ।

यसैबीच विराटनगरबाट प्राप्त समाचार अनुसार वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा जिविस मोरङमा आयोजित वैकल्पिक ऊर्जा सप्ताह-२०६९ को प्रमुख जिल्ला अधिकारी तारानाथ गौतमले आज उद्घाटन गर्नुभयो।

वर्तमान ऊर्जा संकटको अवस्थामा देशव्यापी रूपमा नवीकरण ऊर्जाप्रति सम्पूर्ण निकाय तथा समुदायको ध्यान आकर्षित गरी त्यसको प्रयोगमार्फत ऊर्जा संकट न्यूनीकरण गर्न यो सप्ताह मनाउन लागिएको बताइएको छ।

सो अवसरमा प्रमुख जिल्ला अधिकारी गौतमले वर्तमान ऊर्जा संकट न्यूनीकरणमा यस्ता नवीकरणीय ऊर्जा प्रविधिले मद्दत गर्ने बताउनुभयो।

स्थानीय विकास अधिकारी शिवराम पोखरेलले जनसंख्या वृद्धिसँगै ऊर्जाको पनि खपत भइरहेकाले यस्ता प्रविधिबाट सर्वसाधारण जनता पनि लाभान्वित हुने कुरामा जोड दिनुभयो।

सप्ताह कार्यक्रमअन्तर्गत जिविस प्रांगणमा माघ १३ गतेसम्म सञ्चालन गरिने सप्ताहमा बायोग्यास, सौर्य प्रणाली, लघुजलविद्युत्, सुधारिएको चुलोजस्ता नवीकरणीय ऊर्जा प्रविधिका स्टलहरू राखिएका छन्।




प्रधानमन्त्री डा. बाबुराम भट्टराई आइतवार काठमाडौंमा आयोजित नवीकरणीय ऊर्जा सप्ताहको उद्घाटन समारोहमा सम्बोधन गर्नुहुँदै। तस्बिर : गोरखापत्र